## व्यवस्थापन

श्रीमती रश्मी मानन्धर — उप-महाप्रबन्धक

# निक्षेप तथा कर्जा लगानीमा हाल कायम रहेको व्याजदर

### निक्षेप तर्फ

| क्र.सं. | निक्षेप शीर्षक | व्याजदर |
|---|---|---|
| १. | विशेष वचत खाता | १% |
| २. | साधारण वचत खाता | ६ % |
| ३. | हिमालय वचत खाता | ४.५०% (दैनिक मौज्दातमा) |
| ४. | बाल वचत खाता | ८ % |
| ५. | मुद्दती १ वर्ष | ८.५० % |

### कर्जा लगानी तर्फ

| क्र.स. | कर्जाको उद्देश्य | व्याजदर |
|---|---|---|
| १. | घरेलु उद्योग कर्जा | १३ % |
| २. | व्यापार कर्जा | १३ % |
| ३. | घर निर्माण/मर्मत कर्जा | १४.५० % |
| ४. | व्यवसाय चालु पूँजी कर्जा | १४.५० % |
| ५. | हायरपर्चेज कर्जा | १३ % |
| ६. | जग्गा विकास कर्जा | १४.५० % |
| ७. | व्यक्तिगत कर्जा | १४.५० % |
| ८. | बैदेशिक रोजगार कर्जा | १३ % |
| ९. | शैक्षिक कर्जा | १२ % |
| १०. | कृषि उत्पादन तथा कृषि व्यवसाय | ११ % |
| ११. | सेवा, सामाजिक तथा अन्य कर्जा | १४.५ % |
| १२. | घर तथा जग्गा खरीद (लामो अवधि) | १२.५० % |
| १३. | भूकम्प पिडित राहत कर्जा | १२ % |
| १४. | सवारीसाधन कर्जा (EMI मा आधारित) | १२ % |
| १५. | घर वा जग्गा खरीद तथा घर निर्माण कर्जा | १२ % |
| १६. | पशुपंक्षी पालन तथा व्यवसायिक कृषि कर्जा | १२ % |
| १७. | विविध कर्जा | १४ % |
| १८. | विशेष राहत कर्जा | ११ % |

(सहकारी ऐन २०४८ बमोजिम स्थापित)

द.नं.:२३१।०५३।५४
स्थायी लेखा नं. (PAN): ५०००७४३२३

# हिमालय सहकारी संस्था लि.

**पुरानो बानेश्वर, काठमाडौं ।**




**आकर्षक ब्याजमा निक्षेप तथा सर्वसुलभ ब्याजमा सरल र सहज कर्जा**

## सुनौलो अवसर

११ प्रतिशत ब्याजदरमा कर्जा लिन सकिने, नियमित ब्याज बुझाएमा
१ प्रतिशत छुट समेत पाउने


**हिमालय सहकारी संस्था लि.**
वैंकिङ कार्यालय, पुरानो बानेश्वर, काठमाण्डौ
फोन नं. ४४८७७२६, ४४६०८३९, ४४६०१०६

## परिचय

यो संस्था सहकारी ऐन, २०४८ अन्तर्गत जिल्ला सहकारी कार्यालय काठमाण्डौमा मिति २०५३ साल पौष २८ गते (द.नं. २३१।०५३।०५४) दर्ता भै सहकारी विभाग तथा नेपाल राष्ट्र बैंकबाट सिमित बैकिङ कारोबार गर्न स्वीकृत प्राप्त गरी सहकारी सिद्धान्त, मूल्य, मान्यता र मापदण्डका आधारमा आफ्ना सदस्यबाट आकर्षक व्याजदरमा निक्षेप स्वीकार गरी सर्वसुलभ व्याजदरमा सरल र सहज कर्जा प्रदान गर्दै सदस्यहरुको व्यापार व्यवसायमा वृद्धि तथा आर्थिक उन्नतिमा सहयोग पुर्‍याउदै आएको छ। संस्थामा हाल १९६० (एक हजार नौसय साठ्ठी) सदस्यहरु आवद्ध हुनुभएको छ। का.जि.का.म.न.पा. वडा नं. १०, पुरानो बानेश्वर देवकोटा सडकमा रहेको संस्थाको आफ्नै भवनबाट कार्यालय तथा दैनिक कारोवार संचालन भई आएको छ। संस्थाको स्थापनाकालदेखि नै वैंक तथा वित्तीय संस्थामा लामो अनुभव प्राप्त गरेका कुशल संचालक, व्यवस्थापक, तथा कर्मचारीहरुबाट सदस्य मैत्री वातावरणमा आर्थिक पारदर्शिताका साथ संस्था संचालनमा रहेकाले सम्पूर्ण सदस्यहरुको विश्वास जित्न सफल भई उत्कृष्ट संस्थाको रुपमा स्थापित हुन पुगेको छ।

काठमाण्डौ जिल्ला भित्र कार्यक्षेत्र रहेको यस संस्थाले आफ्नो उद्देश्य तथा सहकारिताको सिद्धान्त अनुरुप कार्य संचालन गरी अधिकतम सदस्यहरुलाई सेवा पुर्‍याउदै राष्ट्रिय अर्थतन्त्रको वृद्धिमा आफ्ना सदस्यहरुलाई सहभागी बनाई आर्थिक सम्वृद्धिको बाटोमा क्रियाशिल बनाउदै लैजान प्रयत्नशिल छ।

## शेयर पूँजी

यस संस्थाको कुल अधिकृत पूँजी रु १० करोड रहेकोमा हाल रु.६ करोड चुक्ता पूँजी कायम भैसकेको छ। सदस्यहरुको सहभागिताको वृद्धिसंगै आवश्यकता अनुसार चुक्ता पूँजी वृद्धि गर्दै लगिने छ।

## व्यवस्थापन

बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाको लामो अनुभव प्राप्त संचालक समितिको प्रत्यक्ष निर्देशन तथा संस्थाको नीति नियमको अधिनमा रही निर्भिक र इमान्दारीपूर्वक सदस्यको हितमा समर्पित कुशल व्यवस्थापक, अनुभवी र दक्ष कर्मचारीहरु संस्थाको नीति तथा कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न सदैव दृढ संकल्पित छ।

## प्रविधि

सदस्यवर्गलाई छिटो छरितो तथा सरल ढंगले वित्तीय सेवाहरु प्रवाह गर्नका लागि तथा दैनिक रुपमा हुने कारोवारलाई व्यवस्थित ढंगले लेखाङ्कन गर्न संस्थालाई पूर्ण रुपमा कम्प्यूटराइज गरिएको छ। यसको साथै सदस्यसँगको वित्तीय कारोवारलाई विश्वसनीय तथा व्यवस्थित गर्नको लागि बैकिङ सफ्ट्वेयर जडान गरिएको छ। संस्थाले आफ्नो कारोबार, नीति तथा कार्यक्रमको बारेमा पारदर्शिता कायम गरी हरेक क्रियाकलापको वारेमा समयमा नै सदस्यहरुलाई जानकारी पुगोस भन्ने उद्देश्यका साथ आफ्नो वेव पेज छिट्टै संचालनमा ल्यउने छ।

## विप्रेषण सेवा

सदस्य वर्गको सुविधालाई ध्यानमा राखी संसारको जुनसुकै ठाउबाट पठाएको रकम तुरुन्त भुक्तानी लिन सकिने गरी वेष्टर्न यूनियन मनि ट्रान्सफर सेवा संस्थाले संचालन गरिआएको छ।

## विशेष कर्जा लगानी योजना

संस्थाका सदस्यहरुलाई आकर्षक व्याजदरमा उद्देश्य अनुरुप कर्जा प्रवाह गर्दै आइरहेकोमा विश्वभरि महामारीको रुप लिएको कोभिड -१९ का कारण निस्कृय भएका व्यापार व्यवसायहरुको प्रवर्द्धन गरी सदस्यहरुको आर्थिक पक्ष सवल बनाउन सहयोग पुगोस् भनी सदस्यहरुलाई विशेष राहत कर्जा सर्वसुलभ व्याजदरमा सरल र सहज रुपमा प्रवाह गर्न सकिने व्यवस्था गरिएको छ।

## निक्षेप तथा कर्जाको व्याजदर

संस्थाले आफ्ना सदस्यहरुको वचत रकम आकर्षक व्याजदरमा निक्षेप स्वीकार गर्ने र सहकारी मापदण्ड अनुरुप सदस्यहरुलाई सरल र सहजरुपमा उद्देश्य अनुरुप सहुलियत तथा सर्वसुलभ व्याजदरमा कर्जा प्रदान गर्दछ।

## संचालक समितिका पदाधिकारी र सदस्यहरुको नामावली

| | |
|---|---|
| डां श्रीराम बाँस्कोटा | अध्यक्ष |
| श्रीमती विनीता शर्मा | संचालक |
| श्री लक्ष्मण प्रसाद गौतम | संचालक |
| श्री दीपकराज घिमिरे | संचालक |
| श्री चण्डिका प्रसाद उपाध्याय | संचालक |
| श्री अच्यूतकृष्ण वाग्ले | संचालक |

## लेखा समिति

| | |
|---|---|
| श्रीमती प्रतिमा ज्ञवाली | संयोजक |
| श्री बिनोद बाँस्कोटा | सदस्य |
| श्री किशोर कुमार भट्टराई | सदस्य |

## कर्जा लगानी तथा धितो लिलामी सिफारिश उप-समिति

| | |
|---|---|
| श्री लक्ष्मण प्रसाद गौतम | संयोजक |
| श्री भोजराज आचार्य | सदस्य |
| श्री अमित भट्टराई | सदस्य |